हतुवागढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
घोडेटार, भोजपुर

प्रदेश नं. १, नेपाल

## खाद्य सामाग्री आपुर्तिको लागि मुल्य सुचि सहितको प्रस्ताव पेश गर्ने बारेको सूचना

(पहिलो पटक प्रकाशन मिति : २०७७।०२।०१)

आ.व. २०७५/७६ तथा २०७६/७७ को बाढी पहिरो तथा सुख्खा खडेरी र हाल कोभिड १९ को रोकथाम तथा नियन्त्रणको लागि कायम लक डाउनको कारण प्रभावित यस गाउँपालिका क्षेत्रका विपन्न परिवारहरुलाई राहत उपलब्ध गराउनका लागि यस कार्यालयलाई देहाय अनुरुप खाद्य सामाग्री आवश्यक परेको हुँदा सो आपूर्ति गर्न इच्छुक व्यवसायिक फर्म/संस्था वा मूल्यअभिवृद्धि कर (VAT) मा दर्ता भई आ.व. ०७५/०७६ को कर चुक्ता गरेको व्यवसायीले के कति दररेटमा आपुर्ति गर्न सकिन्छ मिति २०७६।०२।०४ गते आईतवार दिनको ५:०० वजे भित्र आवश्यक कागजातहरु सहित यसै सूचना साथ संलग्न खाद्य सामाग्रीको परिमाण सहितको मूल्यसूचि पेश गर्ने फाराम भरि सिलवन्दी गरि यस कार्यालयमा पेश गर्नु हुन वा ईमेल ठेगाना : hatuwagadhimun.covid19ppp@ gmail.com मार्फत फाईललाई ZIP गरि सो ZIP फाईललाई आफ्नो पासवर्डले लक गरेर पेश गर्न सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

पूनश्च : उल्लेखित ईमेल ठेगाना मार्फत मूल्यसूचि पेश गर्ने आपूर्तिकर्ताले मूल्य सूचि पेश गर्दा ZIP फाईलमा राखेको आफ्नो पासवर्ड मूल्य सूचि पेश गर्ने अन्तिम दिनको ५:०० वजे देखि ५:१५ वजे भित्र फर्म/संस्था वा व्यवसायको नाम, ठेगानाको साथमा सोहि ईमेल ठेगाना मार्फत उपलब्ध गराउन र खरिद सम्वन्धि यस कार्यालयबाट हुने निर्णयको जानकारी www.hatuwagadhimun.gov.np मार्फत लिनुहुन समेत यसै सूचना मार्फत सूचित गरिन्छ।

**तपशिल**

| क्र.सं. | राहत सामाग्रीको विवरण | किसिम/गुणस्तर | एकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|---|
| १ | चामल | सोना मन्सुली राम्रो (ग्रेडिङ्ग)<br>रन्जित मन्सुली राम्रो | किलोग्राम | १,५६,७५० | |

**आवश्यक कागजातहरु/शर्तहरु** :

१. मूल्य सूचि पेश गर्ने सूचना एवं फाराम यस कार्यालयको वेभसाईट www.hatuwagadhimun.gov.np बाट download गरि वा यस कार्यालयमा सम्पर्क गरि प्राप्त गर्न सकिनेछ।

२. मूल्य सूचि खरिदको लागि प्रभु बैक, घोडेटार शाखामा रहेको यस कार्यालयको "हतुवागढी गा.पा. संचितकोष खाता नं. १८२००२०११३७९८६००००००१" मा पछि फिर्ता नहुने गरि रु. ३०००। (तीन हजार रुपैयाँ) जम्मा गरेको भौचर वा यस कार्यालयको राजश्व शाखामा नगदै जम्मा गरेको रसिद मूल्य सूचि साथ पेश गर्नु पर्नेछ।

३. आपूर्तिकर्ता व्यवसायिक फर्म/संस्था वा व्यवसायी आधिकारीक रुपमा मूल्य अभिवृद्धि कर (भ्याट) मा दर्ता भएको हुनु पर्नेछ।

४. मुल्य सूचि फारम साथ व्यवसायिक प्रमाण पत्र, आ.व. ०७५/७६ सम्मको कर चुक्ता प्रमाण पत्र अनिवार्य पेश गर्नु पर्नेछ।

५. गाउँपालिका स्थित सवै वडा कार्यालय सम्म लाग्ने ढुवानी खर्च आपूर्ति कर्ता स्वयंले व्यहोर्ने गरि मूल्य सूचि पेश गर्नु पर्नेछ।

६. मूल्य सूचि पेश गर्दा चामलको नमुना (sample) समेत छुट्टै प्याकेजिङ्ग गरि पेश गर्नु पर्नेछ, नमुना (sample) पेश गर्न नसकेको कारण खरिद कारवाहिमा सहभागि हुनबाट वन्चित गरिने छैन तर आपूर्तिको लागि छनौट भएको अवस्थामा सम्झौतामा आउँदा अनिवार्य रुपमा चामलको नमुना (sample) पेश गरि कार्यालयले स्वीकृत गरे पश्चात मात्र कवोल अंकको ५ प्रतिशतले हुन आउने रकम आपूर्तिकर्ताले यस कार्यालयको धरौटी खातामा जम्मा गरी सो को भौचर यस कार्यालयमा पेश गरे पश्चात मात्र आपूर्तिको लागि सम्झौता गरि कार्यादेश दिईनेछ। पेश गरेको चामलको नमुना (sample) चित्तवुझ्दो नभएमा आपूर्तिको लागि सम्झौता गरिने छैन।

७. कार्यालयबाट आपूर्तिकर्ताको छनौट तत्काल गरि १/२ दिन भित्रमै सम्झौता गर्ने गरि सूचना गरिने तथा छनौट हुने आपूर्तिकर्ताले २५ किलोग्रामको ५९६ र ५० किलोग्रामको २८३७ वटा छुट्टा छुट्टै प्याकेजमा सम्झौता भएको वढीमा ७ दिन भित्र आपूर्ति गर्नु पर्नेछ।

८. सूचनामा उल्लेखित शर्तहरु बाहेक अन्य शर्तहरु प्रचलित कानून बमोजिम हुनेछ।

- थप जानकारीको लागि मोवाईल नं. ९८५२०५२७४६ मा सम्पर्क गर्न सकिनेछ।

मणिराम खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

हतुवागढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
घोडेटार, भोजपुर

मणिराम खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

०२९-४१२०७६, ४१२०२६
अध्यक्ष : ९८५२०५२०५८
प्र.प्र.अ. : ९८५२०८०४४४

*प्रदेश नं.१, नेपाल*

## खाद्य सामाग्रीको परिमाण सहितको मूल्य सुचि पेश गर्ने फारम

पेश गर्ने व्यवसायिक संस्था/फर्म/व्यवसायको नाम :
ठेगाना :
सम्पर्क व्यक्तिको नाम/थर :

मोवाईल नं.
ईमेल ठेगाना :

| क्र.सं. | आपुर्ति गर्नु पर्ने खाद्य सामाग्रीको विवरण | आपुर्ति गर्नुपर्ने खाद्य सामाग्रीको किसिम/गुणस्तर | एकाई | परिमाण | प्रति एकाई दर | | जम्मा रकम रु (अङ्कमा/अक्षरमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | अङ्कमा | अक्षरमा | | |
| १ | चामल | सोना मन्सुली राम्रो (ग्रेडिङ्ग) | के.जि. | १,५६,७५० | | | | |
| | | रन्जित मन्सुली राम्रो | | | | | | |
| प्याकेजिङ्ग तथा ढुवानी (एकमुष्ठ) | | | | | | | | |

व्यवसायिक संस्था/फर्मको

छाप

आपूर्तिकर्ताको :
हस्ताक्षर :
नाम/थर :
ठेगाना :
मिति :